
جمعية خدمة المحتوى
الإسلامي باللغات

ضيوف الرحمن
hajjumrh.com



# उमराको विधि र यसको नियमहरू सम्बन्धी संक्षिप्त विवरण

नेपाली

نيبالي

ضيوف الرحمن
hajjumrh.com

شركاء التنفيذ :

دار الإسلام

بيان الإسلام

رواد التراجم

المحتوى الإسلامي

يتاح طباعة هذا الإصدار ونشره بأي وسيلة مع الالتزام بالإشارة إلى المصدر وعدم التغيير في النص

Tel : +966 50 244 7000
info@islamiccontent.org
Riyadh 13245-2836
www.islamiccontent.org

# उमराको विधि र यसको नियमहरू सम्बन्धी संक्षिप्त विवरण

समस्त प्रशंसा अल्लाहको लागि जो सारा संसारका पालनकर्ता हुनुहुन्छ, र दरूद एवं सलाम होस्  हाम्रा नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि, उहाँका सन्तान र सबै साथीहरू माथि।

**तत्पश्चातः**

यो सानो लेख हो जसमा उमरा, यसको नियम र शिष्टाचारको वर्णन गरिएको छ, हामीले यसमा उमरा गर्ने व्यक्तिलाई खाँचो पर्ने विषयहरूलाई प्रष्ट पार्ने कोसिस गरेका छौं ।

र अल्लाहसित यसलाई विशुद्ध रुपमा आफ्नो निमित्त बनाइ दिऊन् भनेर कामना गर्दछौँ र यसबाट सबै मुसलमानहरूको लाभ होस् भनेर प्रार्थना (दुआ) गर्दछौँ ।

**बहुभाषिक इस्लामी सामग्री सेवा संस्थाको प्राज्ञ परिषद**

# परिचय

## पहिलो : उपासना स्वीकार हुनका लागि शर्तहरू

**अल्लाह तआला सामु उपासना स्वीकार हुनका लागि दुई शर्तहरू छन् :**

### अल्लाका लागि इख्लास (विशुद्धता),

यस प्रकार कि उक्त उपासना माध्यमबाट अल्लाह तआला र परलोकको घर प्राप्ति बाहेक अरू कुनै चाहना नहोस् ।

**अल्लाह तआलाले भन्नु भएको छ:**

﴿وَمَآ أُمِرُوٓاْ إِلَّا لِيَعۡبُدُواْ ٱللَّهَ مُخۡلِصِينَ لَهُ ٱلدِّينَ حُنَفَآءَ﴾،

"र उनीहरूलाई विशुद्ध भएर उहाँ तर्फ नै एकाग्र भइ मात्र अल्लाह तआलाका लागि उपासनाको आदेश दिइएको छ ।"[1] [अल्-बय्यिना : ५]

**र नबी(सल्लल्लाहु अलैहि वसल्लम)ले भन्नु भएको छ:**

«إِنَّمَا الْأَعْمَالُ بِالنِّيَّاتِ، وَإِنَّمَا لِكُلِّ امْرِئٍ مَا نَوَى».

"कर्महरू नियतमा आधारित हुन्छन्, अनि हरेक मान्छेले त्यही नै पाएको हुन्छ जसको उसले नियत ( पाउने चाहना) गरेको हुन्छ ।"[2]

### यसमा नबी(सल्लल्लाहु अलैहि वसल्लम) को कथन र कर्मको अनुसरण गर्नुपर्छ,

**नबी(सल्लल्लाहु अलैहि वसल्लम)ले भन्नु भएको छ:**

«مَنْ أَحْدَثَ فِي أَمْرِنَا هَذَا مَا لَيْسَ فِيهِ فَهُوَ رَدٌّ»

"जसले हाम्रो धर्ममा कुनै नया कुरा ल्यायो जे यसमा थिएन भने त्यो रद्द हुनेछ ।"[3]


**मुस्लिमको वर्णन (१७१८) मा छ :**

«مَنْ عَمِلَ عَمَلًا لَيْسَ عَلَيْهِ أَمْرُنَا فَهُوَ رَدٌّ».

"कसैले कुनै यस्तो काम गर्यो जसमा हाम्रो तरिका रहेन भने त्यो मान्य हुने छैन ।"[4]



1- अर्थात्, उहाँको उपासना र आराधनामा लागिरहेका छन्, अरू सबै कुराबाट मुख मोडेर। (तफ्सीरे सअ्दी पृ.न.५३८)
2- यो हदीसलाई बुखारीले नं. (१) र मुस्लिमले नं. (१९०७) मा उल्लेख गर्नुभएको छ।
3- यो हदीसलाई इमाम बुखारीले (२६९७) नम्बर र इमाम मुस्लिमले (१७१८) नम्बरमा वर्णन गर्नु भएको छ।
4- यसलाई इमाम मुस्लिमले हदीस नं. (१७१८) मा वर्णन गर्नुभएको छ।



# दोस्रो: उम्राह र त्यसका नियमहरू सिक्ने आदेश

जो केहीले अल्लाह तआलाको कुनै उपासना गर्न चाहन्छ भने त्यसमा नबी(सल्लल्लाहु अलैहि वसल्लम)को तरिका कस्तो रहेको छ भनेर सिक्नु पर्छ; यसर्थ कि उसको उक्त कर्म सुन्नत अनुसार होस् । नबी(सल्लल्लाहु अलैहि वसल्लम) मानिसहरूलाई आफ्नो अनुसरण र उहाँको तरिका अपनाउनका लागि प्रोत्साहित गर्ने गर्नु हुन्थ्यो । हजरत मालिक बिन हुवैरिष (रजियल्लाहु अन्हु)द्वारा वर्णन छ, नबी(सल्लल्लाहु अलैहि वसल्लम)ले भन्नु भयो:

«صَلُّوا كَمَا رَأَيْتُمُونِي أُصَلِّي».

" जसरी तिमीहरूले मलाई नमाज पढेको देख्छौ, त्यसरी नै नमाज पढ। "[5]

र हजरत जाबिर (रजियल्लाहु अन्हु) द्वारा वर्णन छ, भन्नुहुन्छ :

«رَأَيْتُ النَّبِيَّ صلى الله عليه وسلم يَرْمِي عَلَى رَاحِلَتِهِ يَوْمَ النَّحْرِ وَيَقُولُ لِتَأْخُذُوا مَنَاسِكَكُمْ، فَإِنِّي لَا أَدْرِي لَعَلِّي لَا أَحُجُّ بَعْدَ حَجَّتِي هَذِهِ».

" मैले नबी(सल्लल्लाहु अलैहि वसल्लम)लाई सवारीमाथि बसेर नै कुरबानीका दिन रमी-ए-जिमार गरेको देखेँ, यो हालतमा कि उहाँ भन्दै हुनुहुन्थ्यो : तिमीहरूले हजका आधारहरू सिक, मलाई थाहा छैन, शायद म मेरो यो हज पछि हज गर्न सक्दिन होला । " [6,7]

5- यसलाई इमाम बुखारीले हदीस नम्बर (६००८) मा नक्कल गर्नु भएको छ।
6- यसलाई इमाम मुस्लिमले हदीस नं. (१२९७) मा वर्णन गर्नुभएको छ।
7- १. रमी-ए-जिमार- हजको अन्तमा कंकर हान्नु ।

# दोस्रो: उमराको विशिष्टता

## उमराका दुई विशिष्टता छन् : सामान्य र विशेष

### सामान्य :

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गर्नुभएको छ, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो :

«الْعُمْرَةُ إِلَى الْعُمْرَةِ كَفَّارَةٌ لِمَا بَيْنَهُمَا، وَالْحَجُّ الْمَبْرُورُ لَيْسَ لَهُ جَزَاءٌ إِلَّا الْجَنَّةُ».

उमरा पछि अर्को उमरा यिनका बीचमा भएका कमीहरूको परिपुर्ति हो, र हज्जे मब्रूर ( कबुल हज्ज) को बदला जन्नत हो ।[8]

---

हज्रत अब्दुल्लाह बिन मसऊद (रजियल्लहु अन्हु)द्वारा वर्णन छ, अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«تَابِعُوا بَيْنَ الْحَجِّ وَالْعُمْرَةِ، فَإِنَّهُمَا يَنْفِيَانِ الْفَقْرَ وَالذُّنُوبَ كَمَا يَنْفِي الْكِيرُ[9] خَبَثَ الْحَدِيدِ وَالذَّهَبِ وَالْفِضَّةِ، وَلَيْسَ لِلْحَجِّ الْمَبْرُورِ ثَوَابٌ إِلا الْجَنَّةُ».

(हज र उम्राह लाई लगातार गरिराख, किनभने तिनले गरिबी र पापलाई यसरी हटाउँछन् जसरी भट्टीले फलाम, सुन, र चाँदीको अशुद्धता हटाउँछ। र मब्रूर (स्वीकार्य) हजको प्रतिफल स्वर्ग बाहेक अरू केही छैन। )[10]

---

### रमजानको महिनामा विशेषता:

हज्रत इब्ने अब्बास (रजियल्लाहु अन्हुमा)को वर्णन छ ,नबी(सल्लल्लाहु अलैहि वसल्लम)ले भन्नुभयो;

«عُمْرَةٌ فِي رَمَضَانَ تَقْضِي حَجَّةً مَعِي».

"रमजान महिनामा गरिएको उमरा, मेरो साथ गरिएको हज बराबर हुन्छ ।"[11]

---

8- यो हदीसलाई इमाम बुखारीले (१७७३) नम्बर र इमाम मुस्लिमले (१३४९) नम्बरमा वर्णन गर्नु भएको छ।
9- लोहार र सुनचाँदी गलाउने व्यक्तिको भट्टीलाई अरबी भाषामा "कीर" भनिन्छ। अत्तम्हीद लिब्नि अब्दिल बर (१५/१०२)
10. यसलाई इमाम तिर्मिजीले हदीस नं. (८१०) मा र इमाम नसयीले हदीस नं. (२६३१) मा वर्णन गर्नुभएको छ।
11- अर्थात्, "यो मेरो साथ गरेको हज बराबर हुन्छ," जस्तो कि अर्को कथनमा छ।

ضيوف الرحمن
hajjumrh.com

# उम्राहको तरिका



ضيوف الرحمن
hajjumrh.com

# पहिलो : "मवाकीत" (समय र स्थानको सीमा) का हुकुमहरू

**मवाकीत:** हज वा उम्राहका लागि इहराम बाँध्नका लागि नबी (सल्लल्लाहु अलैहि वसल्लम)ले तोक्नु भएका ठाउँहरू हुन्।

---

जो व्यक्ति हज वा उम्राहको उद्देश्यले मवाकितहरूबाट जान्छ, उसले त्यहाँ पुगेर इहराम बाँध्नु अनिवार्य हुन्छ, र इहराम बिना त्यस स्थानलाई पार गर्नु उचित हुँदैन ।

---

जो व्यक्ति मक्का नजिक बस्छ र उपयुक्त मवाकीतहरू भन्दा नजिक छ, उसको मीकात (इहराम बाँध्ने ठाउँ) त्यही हो जहाँ ऊ छ, उसले इहराम त्यहीबाट बाँध्नु पर्छ ।

---

मक्काका बासिन्दा र जो व्यक्तिले मक्काबाट इहराम बाँध्ने सोच बनाएको छ, तिनीहरूले हजको इहराम मक्काबाट नै बाँध्नु पर्छ । तर, उम्राहका लागि, तिनीहरूले मक्काको सीमा (हिल्ल) बाहिर जानुपर्छ र त्यहाँबाट इहराम बाँध्नुपर्छ, जस्तै तन्ईम वा त्यस्तै अन्य स्थानहरू ।



जो मान्छे विमानमा यात्रा गर्दैछ, उसले मवाकित बराबरमा पुग्दा इहराम बाँध्नुपर्छ, त्यसका लागि, मीक़ात नजिक आउनु अघि नै उसले इहरामको लुगा लगाएर तयारी गर्नुपर्छ, जब विमान मवाकितको बराबरमा पुग्छ, तुरुन्तै इहरामको नियत गर्नुपर्छ,विमानस्थलमा ओर्लिएपछि मात्र इहराम बाँध्नु जायज़ हुँदैन । सावधानी अपनाउनका लागि, उसले मीक़ात पुग्नुअघि नै तलबिया (लब्बैक) सुरु गर्न सक्छ, ताकि विमानको तीव्र गतिका कारण मीक़ात छुट्ने सम्भावना नहोस्।



# दोस्रो : इहरामको तरिका र हुकुमहरू

## इहराम बाँध्ने मान्छेका लागि यी कुराहरू बताइएका छन् :

**नुहाउनु :** यो सुन्नते मुअक्किदा (ताकिद गरिएको सुन्नत) हो पुरुष र महिलाहरूको हकमा यहाँसम्म कि महिनावारी भएकी र सूतकेरी अवस्थामा रहेकी महिलाहरूले पनि नुहाउनु पर्छ ।

---

**इहराम बाँध्नुअघि, व्यक्तिले आफ्नो टाउको र दाह्रीमा आफूले पाउन सक्ने उत्तम खुशबु,** जस्तै ऊद वा अन्य कुनै सुगन्धित पदार्थ लगाउन सक्छ। इहराम बाँधिसकेपछि पनि त्यसको गन्ध रहिरहनु हानिकारक हुँदैन। तर महिलाहरूका लागि कुनै पनि सुगन्धित वस्तु प्रयोग गर्नु अनुमति छैन, ताकि गैर-परिचित पुरुषहरूले त्यसको गन्ध नमहसुस गर्न सकून्।



**इहरामको लुगा लगाउनु, जसमा इजार (तल्लो भागको कपडा) र रिदा (माथिल्लो भागको कपडा) समावेश छन् ।** सुन्नत अनुसार यी कपडाहरू सेतो र सफा वा नयाँ हुनु पर्छ । महिलाले कुनै पनि प्रकारको लुगा लगाउन सक्छिन्, तर आकर्षक सजावटयुक्त हुन हुँदैन, तर उनलाई नकाब (मुखावरण) र हातका पञ्जा लगाउनु मनाही गरिएको छ। महिलाले आफ्नो अनुहार र हातहरूलाई अन्य तरिकामा ढाक्न सक्छिन् ।

इहराम वैध रूपमा गरिने कुनै पनि नमाज (फर्ज वा नफ्ल) पछि बान्ध्न सकिन्छ, तर यो अनिवार्य होइन ।

उसले: "**लब्बैक अल्लाहुम्म उम्रतन्**" भनेको उच्चारण गर्नु पर्छ, जसको अर्थ हो: "हे अल्लाह ! म उमरा गर्नको लागि उपस्थित छु"। यदि ऊ अरू कसैको तर्फबाट उमरा गर्दैछ भने, ऊ भन्छ: '**लब्बैक अल्लाहुम्मा उमरतअन फोलान**' " भनेर उच्चारण गर्नुपर्छ, जसको अर्थ हो: "हे अल्लाह, म (फुलानो व्यक्तिको लागि) उम्राह गर्नको लागि उपस्थित छु"।

यदि जो व्यक्तिले इहराम बाँध्ने सोचेको छ, तर उसलाई कुनै अवरोधको डर छ जसले उसलाई आफ्नो यात्रा पूरा गर्न दिँदैन कि जस्तो लागेको छ, भने उसले इहराम बाँध्ने बेला शर्त राख्नु पर्छ, उसले यसरी भन्नुपर्छ: "**लब्बैक अल्लाहुम्म उम्रतन्, इन्कान हबसनी हाबिसुन् फमहिल्लि हैसु हबस्तनी**"
अर्थात्, "हे अल्लाह, म उम्राह गर्नको लागि उपस्थित छु, र यदि मलाई कुनै अवरोधले रोक्नुभयो भने, मेरो स्थान त्यही हुन्छ जहाँ मलाई रोकिनेछ"। यदि यस शर्त पछि उसलाई कुनै प्रकारको अवरोध आइलाग्यो जसले उसको यात्रा पूरा गर्न दिएन भने, उसले इहरामबाट निस्कन सक्छ, र उसमाथि कुनै प्रकारको जरिवाना वा दायित्व हुर्दैन।"

तत्पश्चात, धेरै धेरै तल्बिया पढ्नु पर्छ:("लब्बैक अल्लाहुम्म लब्बैक, लब्बैक ला शरीक लक लब्बैक, इन्नल्हम्द वन्निअमत लक वल् मुल्क ला शरीक लक" अर्थात: "हे अल्लाह, म उपस्थित छु, तपाईको कुनै साझेदार छैन, म उपस्थित छु, सबै प्रशंसा र वरदानहरू तपाईंका लागि हुन्, र राज्य पनि तपाईंको हो, तपाईंको कुनै साझेदार छैन " । पुरुषले यसलाई उच्च स्वरमा पढ्नुपर्छ, र महिला पनि पढ्न सक्छिन्, तर यदि परपुरुषहरूको उपस्थितिमा छिन् भने, मधुर स्वरमा पढ्नुपर्छ।

इहराममा रहेको व्यक्तिले विशेष गरी विभिन्न परिस्थितिहरू र समयमा तलबियालाई बढी पढ्नुपर्छ, जस्तै कुनै उचाइमा पुग्दा, तल झर्दा, रात आउने बेला वा दिन सुरु हुने बेला।[12]

उमरामा तलबिया पढ्ने आदेश इहराम बाँध्ने समयदेखि तवाफ सुरु गर्ने समयसम्म रहेको छ।


इहराममा रहेको व्यक्तिले इहराममा गरिने कार्यहरु समाप्त नभएसम्म निषेधित कार्यहरूमा पर्नबाट सावधान हुनुपर्छ।

## तेस्रो : तवाफ (परिक्रमा)को तरिका

जब मुहरिम मस्जिद अल-हराममा प्रवेश गर्छ, उसले आफ्नो दाहिने पाउ पहिला राख्नुपर्छ र मस्जिद प्रवेश गर्नेबेलाको दुआ पढ्नुपर्छ, यस विषयमा सबै भन्दा सही दुआ: "अल्लाहुम्मफ्तह्ली अब्वाब रह्मतिक" (ऐ अल्लाह, मेरा लागि आफ्नो दयाका ढोकाहरू खोलि दिनु होस् ।) यो दुआ कुनै पनि मस्जिदमा प्रवेश गर्ने बेलामा भन्न सकिन्छ, केवल मस्जिद अल-हरामका लागि खास होइन ।

जब मुहरिम तवाफ सुरु गर्न चाहन्छ, तब उसले तल्बिया रोकेर र इज्तिबा गर्नुपर्छ, इज्तिबा भनेको उसले आफ्नो चादरको बीचको भाग आफ्नो दाहिने कांधभित्र राख्नुपर्छ र चादरको किनारालाई बायाँ काँधमाथि राख्नुपर्छ, तवाफ पूरा भएपछि, उसले चादरलाई पहिलेको अवस्थामा फर्काएर सामान्य रूपमा राखे हुन्छ, किनकि इज्तिबा केवल तवाफको बेलामा मात्र गरिन्छ ।

12- सम्पूर्ण गुण र कर्तृत्व पूर्ण छन्, र यसलाई प्रेम र सम्मानका साथ व्यक्त गर्नु, जब यसलाई दोहोर्याइन्छ भने यो प्रशंसा वा स्तुति बन्न जान्छ । "निअमत" भनेको वरदान वा उपहार हो, जो अल्लाहले आफ्ना भक्तहरूलाई दिनु भएको छ, जस्तै इच्छाको प्राप्ति र अप्रिय वस्तुहरूबाट बच्नु । "मुल्क" भनेको राज्य र शासन हो, जसको मालिक अल्लाह मात्रै हुनुहुन्छ, र उहाँका अलावा अरु कसैको यसमा कुनै अंश छैन । अन्त्यमा, "ला शरीक लक" भन्नाले "तपाईंको कुनै साझेदार छैन" भन्ने अर्थ व्यक्त गर्छ, जसले भन्न चाहन्छ कि अल्लाहको सबै विशिष्ट गुणहरू हुन् र सम्पूर्ण सृष्टिको मालिक उहाँ नै हुनुहुन्छ —त्यसमा कुनै साझेदार छैन ।



ضيوف الرحمن
hajjumrh.com

त्यसपछि, मुहरिम हज्र अल्अस्वद तर्फ जानुपर्छ र दाहिने हातले त्यसलाई छुने अनि चुम्ने प्रयास गर्नुपर्छ, यदि उसलाई चुम्न सहज नभए, उसले हज्र अल्अस्वदलाई दाहिने हातले इस्तेलाम (छुनु) गर्नुपर्छ र त्यसलाई चुमे हुन्छ, यदि हातले इस्तेलाम पनि सम्भव नभए, उसले कुनै वस्तु, जस्तै लाठीको सहायताले हज्र अल्अस्वदलाई छोए हुन्छ र त्यसलाई चुमे हुन्छ, यदि यो पनि सम्भव नभए, उसले हज्र अल्अस्वद तिर फर्केर हातले संकेत गरे हुन्छ, तर त्यसलाई चुम्नु हुन्न, सर्वोत्तम कुरा भनेको यस क्रममा अरुलाई दुःख नदिई, भीडमा नफस्ने गरि र मानिसहरुलाई अफ्ठ्यारो नपार्नु हो ।

हज्र अल्अस्वदलाई इस्तेलाम गर्ने वा इशारा गर्ने बेलामा **(अल्लाहु अक्बर)** भन्नुपर्छ ।

तय्सपछि, मुहरिमले दाहिने तर्फको बाटो लिदै बैतुल्लाहलाई बायाँ तर्फ राख्नुपर्छ, जब ऊ रुक्ने यमानी पुग्छ, उसले त्यसलाई नचुमिकन इस्तेलाम (छुनु) गर्नुपर्छ, यदि सम्भव भएन भने, यसको लागि भीड लगाउनु पर्दैन, र त्यसतर्फ संकेत पनि गर्नुपर्दैन ।

---

र रुक्ने यमानी र हज्र अल्अस्वदको बीचमा "रब्बना आतिना फिद्दुनिया हसना व फिल् आखिरति हसनतौं व किना अजाबन्नार " भन्नुपर्छ । **(अर्थात्: हे हाम्रा रब ! हामीलाई दुनियाँमा पनि भलाई प्रदान गर्नु होस् र परलोकमा पनि भलाई प्रदान गर्नु होस् र हामीलाई आगो (नरक)को सजायबाट बचाउनु होस् ।)**

---

जब जब हज्र अल्अस्वद निरबाट जान्छ त्यसतर्फ इसारा गर्दै (अल्लाहु अक्बर) भन्नुपर्छ ।

---

र बाँकी तवाफमा मनलागेको दुआ जिक्र र कुर्आन मजीदको तिलावत (पाठ) गर्ने ।

---

तवाफका पहिलो तीन चक्करहरूमा रमल गर्नु सुन्नत हो, रमल भनेको, हिँड्ने समयमा कदमलाई नजिक राखेर छिटो हिँड्नु, तर, बाँकी चार चक्करहरूमा रमल गर्नु आवश्यक छैन, र त्यहाँ उसले सामान्य हिँडाइको रूपमा हिँड्न सक्छ ।

---

तवाफ पूरा हुन्छ भएपछि मकामे इब्राहीम तिर गएर यो दुआ पढ्नुपर्छ:

﴿...وَٱتَّخِذُواْ مِن مَّقَامِ إِبْرَٰهِـۧمَ مُصَلًّى...﴾

(वत्तखिजू मिँम मकामि इब्राहीम मुसल्ला) अर्थात् मकामे इब्राहीमलाई नमाजको जग्गा बनाऊ । [अल् बकरा: १२५] यसपछि त्यसका पछाडि सम्भव भए दुई रक्अत नमाज पढ्नु,



नभए मस्जिदमा जहाँ पढे पनि हुन्छ, उक्त नमाजमा पहिलो रक्अतमा सुरह फातिहा पछि यो पढ्नु:

﴿قُلۡ يَٰٓأَيُّهَا ٱلۡكَٰفِرُونَ﴾

( **कुल् या अय्युहल् काफिरून** ) [अल् काफिरून् :१] दोस्रो रक्अतमा सुरह फातिहा पछि यो पढ्नु :

﴿قُلۡ هُوَ ٱللَّهُ أَحَدٌ﴾.

(**कुल् हुवल्लाहु अहद** ) भनि दिनु होस्: उहाँ अल्लाह एक हुनुहुन्छ। [अल् इख्लास्: १]

# चौथो: सईको तरिका[13]

जब तवाफ र दुई रकअत नमाज समाप्त हुन्छ, मुहरिम मस्आ (सफा र मर्वा बीचको यात्रा) तर्फ जानुपर्छ, र सफा पर्वत नजिक यो पढ्नु पर्छ:

﴿إِنَّ ٱلصَّفَا وَٱلۡمَرۡوَةَ مِن شَعَآئِرِ ٱللَّهِ...﴾

**"इन्नस्सफा वल् मर्वत मिन शआइरिल्लाह "**

(निस्सन्देह ‘सफा’ र ‘मर्वा’ (पहाडहरू) अल्लाहका चिनारीहरूमध्येका हुन् ।) [अल्-बकरह : १५८] त्यस पछि "अब्दउ बिमा बदअल्लाहु बिहि" भन्नुपर्छ (मैले त्यहीबाट सुरु गर्दछु जहाँबाट अल्लाहले सुरु गर्नुभएको छ) "

«أَبْدَأُ بِمَا بَدَأَ اللَّهُ بِهِ».

"अब्दउ बिमा बदअल्लाहु बिहि" (म अल्लाहले शुरू गर्नुभएको कुराबाट शुरू गर्छु) ।[14]



13- सई भनेको सफा र मरवा पहाडबिच दौडिनु ।
14- यसलाई इमाम मुस्लिमले हदीस नं. (१२१८) मा वर्णन गर्नुभएको छ।

त्यसपछि मुहरिम सफा पर्वत पुगेपछि काबा वा त्यसको दिशा देखिने सम्म उचाइमा चढ्नुपर्दछ, उसले अल्लाहको एकता र महिमा बयान गर्दै निम्नलिखित शब्दहरू उच्चारण गर्नुपर्छ :

(( ला इलाह इल्लल्लाहु वह्दहु, ला शरीक लहु, लहुल् मुल्कु व लहुल् हम्दु ,वहुव अला कुल्लि शैइन कदीर, ला इलाह इल्लल्लाहु वह्दहु, अन्जज वअ्दह, व नसर अब्दह, व हजमल् अह्जाब वह्दह ))

(अल्लाह बाहेक कोही सत्य ईश्वर छैन, उहाँ एक हुनुहुन्छ, उहाँको कुनै साझेदार छैन, उहाँको नै राज्य र प्रशंसा छ, र उहाँ सबै कुरामा सक्षम हुनुहुन्छ । अल्लाह बाहेक कोही सत्य ईश्वर छैन, उहाँ एक्लै हुनुहुन्छ, उहाँले आफ्नो वाचा पूरा गर्नुभयो, आफ्नो दासको मद्दत गर्नुभयो, र आफैंले शत्रुलाई पराजित गर्नुभयो ।) यी शब्दहरू तीन पटक दोहोर्याउँनु र बीचमा दुआ गर्नु पर्छ।

«لَا إِلَهَ إِلَّا اللهُ وَحْدَهُ لَا شَرِيكَ لَهُ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ، لَا إِلَهَ إِلَّا اللهُ وَحْدَهُ، أَنْجَزَ وَعْدَهُ، وَنَصَرَ عَبْدَهُ، وَهَزَمَ الْأَحْزَابَ وَحْدَهُ»، ثُمَّ دَعَا بَيْنَ ذَلِكَ قَالَ مِثْلَ هَذَا ثَلَاثَ مَرَّاتٍ.

"ला इलाहा इल्लल्लाहु वह्दहू ला शरीक लहू, लहुल मुल्कु व लहुल हम्दु, व हुव अला कुल्लि शय्यिन क़दीर्, ला इलाहा इल्लल्लाहु वह्दहू, अन्जज़ह वअदहू, व नसर अब्दहू, व हज़मल् अह्ज़ाब वह्दहू।"

यो दुआ तीन पटक दोहोर्याउँने।

(अर्थात्: अल्लाह बाहेक कोही उपास्य छैन,उहाँ एक्लो हुनुहुन्छ । उहाँको कोही साझी छैन, राज उहाँकै हो र समस्त प्रशंसाहरू पनि उहाँकै लागि हुन्, उहाँ सबै कुरामा सक्षम हुनुहुन्छ, अल्लाह बाहेक कुनै उपास्य छैन, उहाँ एक्लै हुनुहुन्छ, उहाँले आफ्नो वाचा पूरा गर्नुभयो, आफ्नो भक्तलाई सहयोग गर्नुभयो र एक्लै उहाँले सबै शत्रुहरूलाई पराजित गर्नुभयो।)

---

त्यसपछि सफाबाट मरवा तर्फ हिँड्नुपर्छ। जब ऊ हरियो चिन्ह (अलम-अख्दर) मा पुग्नुहुन्छ, तीव्र गतिमा दौडनुपर्छ, दोस्रो हरियो चिन्ह सम्म पुगे पछि सामान्य गतिमा हिँड्नुपर्छ। । महिलाहरूको लागि तीव्र गतिमा दौड लगाउनु आवश्यक छैन ।

---

जब मर्वा पुग्छ, उसले सफा पर्वतमा गरेको जस्तै कार्य गर्नुपर्छ। (२ नम्बरमा भने जसरी यहाँ पनि गर्ने ।)

फेरि, मर्वाबाट सफातर्फ हिँड्दै आउनुपर्छ, र हरियो चिन्ह नजिक पुग्दा तीव्र गतिको सई (पदयात्रा) सुरु गर्नुपर्छ, दोस्रो हरियो चिन्हमा पुग्दा सामान्य हिँडाइको रूपमा सई जारी राख्नुपर्छ ।

---

यसरी सात चक्कर पूरा गर्नुपर्छ, सफा देखि मर्वासम्म एक चक्कर हुन्छ, मर्वादेखि सफा फर्किनु अर्को चक्कर मानिने छ ।



ضيوف الرحمن
hajjumrh.com

सई(पदयात्रा)मा उसलाई इच्छाअनुसार दुआ र जिक्र एवं कुरआन मजीदको तिलावत (पाठ) गर्न सक्छ ।

## पाँचौँ : कपाल खौरने र छोटो पार्ने तरिका ।

जब मुहरिमले आफ्नो तवाफ र सई पूरा गर्छ, उसलाई आफ्नो सिरको कपाल हल्क (खौरिनु) वा तक्सीर (कपाललाई छोटो पार्नु ) गर्नु पर्छ । यदि ऊ पुरुष हो भने। सुन्नत अनुसार, हल्क वा तक्सीर सम्पूर्ण सिरलाई गर्नुपर्छ ।

---

हल्क तक्सीर भन्दा उत्तम हो , यदि हजको समय निकै नजिक छ र टाउकोमा कपाल बढाउनको लागि पर्याप्त समय छैन, भने यस्तो अवस्थामा, तक्सीर गर्नु नै उत्तम हुन्छ ।

---

महिलाले आफ्नो कपालको किनाराबाट एक औंलाको जोरा बराबर काट्नु पर्छ।



# इहरामको अवस्थामा प्रतिबन्धित कुराहरू:

**इहरामको अवस्थामा प्रतिबन्धित कुराहरू यी हुन् :**

शरीरको कुनै पनि भागबाट रौं खौरनु, काट्नु वा उखेल्नु।
खुट्टा वा हातका सबै वा केही नङ काट्नु ।

---

टाउकोलाई यी चीजले ढाक्नु, जस्तै टोपी,गुत्रा, पगडी, चादर , तिसु पेपर, कम्बल, कागजको काटुन, वा यसका जस्तै अन्य वस्तु टाउको माथि उसलाई ढाक्नको उद्देश्यले राख्नु । यो विशेष गरी पुरुषहरूको लागि हो, महिलाको लागि भने यो लागू हुँदैन।

---

इहरामको अवस्थामा, साधारण रूपमा शरीरको आकारअनुसार सिलाइ गरिएको लुगा लगाउनु, जस्तै: सिलाइ गरिएको लुगा, पाइन्ट, कमिज, मोजा, र पञ्जा। यो नियम पुरुषका लागि हो, महिलाका लागि होइन।

महिलालाई इहरामको अवस्थामा नकाब, बुर्का, वा लिषाम (मुख ढाक्ने प्रकारको कपडा) लगाउने अनुमति छैन, महिलाले परपुरुषहरूको अगाडि सामान्य अनुहार ढाक्ने कपडाले (जस्तै ओढनी वा स्कार्फ) आफ्नो अनुहार छोप्नु पर्छ, यदि ढाक्ने वस्तुले अनुहारलाई छुन्छ भने पनि। महिलाले इहरामको अवस्थामा आफ्नो अनुहारलाई न छुने उद्देश्यले सिरमा कुनै प्रकारको पट्टी वा यस्तै अन्य कुनै वस्तु राख्नु उचित छैन, किनकि यसका लागि शरियतमा कुनै प्रमाण छैन ।

महिलालाई इहरामको अवस्थामा दस्ताना (कुफ्फाज) लगाउने अनुमति छैन, यद्यपि, उनीहरूले परपुरुषहरूको अगाडि आफ्नो हातलाई अबायामा राखेर छोप्नु पर्छ।

शरिरमा वा इहरामका कपडामा सुगन्ध लगाउनु ।

इहरामको अवस्थामा जंगली जनावरलाई मार्नु वा शिकार गर्नु पनि प्रतिबन्धित छ।

आफ्नो लागि वा अरुका लागि कसैसित विवाहको प्रस्ताव राख्नु । निकाह गर्नु

योनी बाहेक शारीरिक सम्पर्क गर्नु , जस्तै चुम्बन गर्नु वा वासना सहित छुनु।

शारिरीक सम्बन्ध राख्नु अर्थात् योनीमा सहवास गर्नु ।

# उम्राहका कार्यहरू
# – (जो खोलमा वा अन्तिम पेजमा हुनेछन् ।)

नुहाउनु ।

खुशबु प्रयोग गर्नु ।

इहरामको कपडा पहिरिनु ।

इहराम भनेको हज वा उम्राहका कार्यहरूमा प्रवेश गर्ने नियत ।

तल्बिया पढ्नु ।


अल्लाहको घरको तवाफ (परिक्रमा) गर्नु ।

मकामे इब्राहीम पछाडि दुइ रक्अत सलाह पढ्नु ।

सफा र मर्वा बीच सई गर्नु ।

कपाल काट्नु वा खौरिनु ।

अल्लाह तआला सर्वज्ञ हुनुहुन्छ र हाम्रा नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि दया र शान्ति होस्।



# विषयसूची


| | |
|---|---|
| उमराको विधि र यसको नियमहरू सम्बन्धी संक्षिप्त विवरण | 3 |
| परिचय | 3 |
| पहिलो : उपासना स्वीकार हुनका लागि शर्तहरू | 4 |
| दोस्रो: उम्राह र त्यसका नियमहरू सिक्ने आदेश | 5 |
| दोस्रो: उमराको विशिष्टता | 6 |
| उम्राहको तरिका | 7 |
| पहिलो : "मवाकीत" (समय र स्थानको सीमा) का हुकुमहरू | 8 |
| दोस्रो : इहरामको तरिका र हुकुमहरू | 10 |
| तेस्रो : तवाफ (परिक्रमा)को तरिका | 12 |
| चौथो: सईको तरिका | 15 |
| पाँचौँ : कपाल खौरने र छोटो पार्ने तरिका। | 17 |
| इहरामको अवस्थामा प्रतिबन्धित कुराहरू: | 18 |
| उम्राहका कार्यहरू – (जो खोलमा वा अन्तिम पेजमा हुनेछन् ।) | 20 |

# تعرف على الإسلام

## بأكثر من 100 لغة

موسوعة الأحاديث النبوية
HadeethEnc.com

ترجمات متقنة للأحاديث النبوية وشروحها بأكثر من (60) لغة

بيان الإسلام
byenah.com

مواد منتقاة للتعريف بالإسلام وتعليمه بأكثر من (120) لغة

موسوعة القرآن الكريم
QuranEnc.com

ترجمات متقنة لمعاني القرآن الكريم بأكثر من (75) لغة

موسوعات وخدمات إسلامية باللغات
s.islamenc.com

للمزيد
من المواقع الإسلامية
بلغـــــات العــــالم

جامع المحتوى الإسلامي باللغات
islamcontent.com

مواد إسلامية متنوعة وشاملة بأكثر من (125) لغة

ضيوف الرحمن
hajjumrh.com

مواد منتقاة للحجـــــاج والمعتمرين و الزوار بلغات العالم

جمعية خدمة المحتوى الإسلامي باللغات

ضيوف الرحمن
hajjumrh.com